# बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति
# २०८०

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरबार, काठमाडौँ, नेपाल

## १. पृष्ठभूमि

विवाह गर्ने वा नगर्ने भन्ने विषय प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । बालबालिकाको शिक्षा, प्रजनन स्वास्थ्य र बाल अधिकारलाई ध्यानमा राखी नेपालमा बिस वर्ष मुनि उमेरका व्यक्तिको विवाहलाई बालविवाह मानिएको छ । नेपालको संविधान, राष्ट्रिय बालबालिका नीति, २०८०; मुलुकी अपराध संहिता, २०७४; बालबालिका सम्बन्धी ऐन, २०७५ तथा बालबालिका सम्बन्धी नियमावली, २०७८; स्थानीय सरकार सञ्चालन ऐन, २०७४; बालविवाह विरुद्धको रणनीति, २०७२ लगायत अन्य कानुन पनि बालविवाह अन्त्यका लागि कार्यान्वयनमा रहेका छन् ।

बालबालिकाको हक र अधिकारको सुनिश्चतताको लागि बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ र महिलामाथि हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि, १९७९ लाई अनुमोदन गरी बालबालिका र महिलाको अधिकारलाई कार्यान्वयनको लागि प्रतिबद्धता जनाएको छ । दिगो विकासको लक्ष्य (२०१६–२०३०) लगायतका मानव अधिकार र बाल अधिकारसँग सम्बन्धित दस्तावेजहरूलाई नेपालले अंगिकार गरेको छ।

## २. बालविवाह विरुद्धको रणनीति २०७२ को समीक्षा

नेपालको राज्य संरचनामा परिवर्तन पूर्व निर्माण भएको बालविवाह विरुद्धको रणनीति, २०७२; अन्तरिम संविधान, २०६३; बालबालिका सम्बन्धी ऐन, २०४८; नियमावली, २०५१; बालबालिका सम्बन्धी नीति, २०६९; बाल अधिकार सम्बन्धी महासन्धि, १९८९; सहश्राब्दी विकास लक्ष्य र (२००१–२०१५) अनुसार तयार गरिएको थियो । यस रणनीति कार्यान्वयनको प्रारम्भिक चरणमा राज्य संरचनामा आएको परिवर्तन र स्पष्ट लगानी सहितका कार्ययोजना नहुँदा आशातीत नतिजा प्राप्त हुन सकेन । यद्धपी यसले बालविवाह अन्त्यका लागि अवधारणात्मक स्पष्टता ल्याउन भने महत्त्वपूर्ण भूमिका निर्वाह गरी विभिन्न पक्षबाट सोही अनुरुप बालविवाह न्यूनीकरण गर्नको लागि विभिन्न कार्यक्रम कार्यान्वयन गरियो।

राज्य संरचना संघीय संरचनामा जानु, सो अनुकुल बालबालिकासँग सम्बन्धित नयाँ नीति तथा कानुनको निर्माण हुनु, दिगो विकास लक्ष्य (२०१६ देखि २०३०) लगायत राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रतिबद्धताको कार्यान्वयनका लागि यस रणनीतिको तर्जुमा गर्नु आवश्यक छ ।

## ३. वर्तमान स्थिति

२०६८ को जनगणना अनुसार १५ देखि १९ वर्ष उमेरमा ४८.८६ प्रतिशत, १० देखि १४ वर्ष उमेरमा १०.२१ प्रतिशत र १० वर्षमुनिका १ प्रतिशतको पहिलो विवाह भएको देखिएको थियो भने राष्ट्रिय जनगणना - २०७८ अनुसार १८ देखि २० वर्षको उमेरमा ३४.४ प्रतिशत, १५ देखि १७ वर्षको उमेरमा २२.३ प्रतिशत, १०-१४ वर्षको उमेरमा ७ प्रतिशत र १० वर्षमुनिको उमेरमा ०.३ प्रतिशतको पहिलो विवाह भएको देखिएको छ । यस तथ्याङ्क अनुसार हाल बालविवाह तुलनात्मक रूपमा न्यून भएको देखिन्छ ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ ले नेपालमा २० देखि २४ वर्ष उमेर समूहका ३४.९ प्रतिशत महिला र ७ प्रतिशत पुरुषको विवाह १८ वर्षमा भएको देखिएको छ । १५ देखि १९ वर्ष उमेर समूहका किशोरीमध्ये अविवाहितको ७८.४ प्रतिशतमात्र उल्लेख भएबाट २१.६ प्रतिशतको विवाह भएको र यसमध्ये २.८ प्रतिशतको १५ वर्षको उमेरमा नै विवाह भएको देखिन्छ । यस परिदृष्यले समाजमा बालविवाहको प्रचलन अझै पनि व्यापक रूपमा कायम रहेको देखिन्छ । आर्थिक अवस्था सबल भएका भन्दा कमजोर भएका महिलाहरूको औसत एक वर्ष कम उमेरमै विवाह भएको देखिएको छ । नेपालको केही स्थानहरूमा बालविवाहको दर उच्च रहेको पाइएको छ । मधेशी समुदायका साथै सीमान्तकृत समूह जस्तैः दलित, जनजाति र मुस्लिम समुदायमा अन्य समुदायको तुलनामा बालविवाह उच्च रहेको देखिन्छ । अशिक्षित महिलाको औसत विवाहको उमेर १६.९ वर्ष देखिएको छ, जुन ९/१० कक्षा पढ्ने महिलाको भन्दा झण्डै तीन वर्ष कम रहन गएको छ ।

यसै गरी स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन २०७९/८० अनुसार १५ देखि १९ वर्षका किशोरीमध्ये १७ प्रतिशत आमा बनिसकेका वा गर्भवती भएको पाइएको छ भने आ.व. २०७८/७९मा ६ हजार ६ सय ४५ जना किशोरीले सुरक्षित गर्भपतन गरेको तथा ८४ हजार ७ सय ७३ जना किशोरीले सुरक्षित मातृत्व सेवा लिएको देखिनुले पनि बालविवाहको व्यापकता रहेको पुष्टि गर्दछ ।

**४. बालविवाह अन्त्यको लागि राष्ट्रिय रणनीतिको आवश्यकता**

४.१ संविधान, नीति र कानुनमा उल्लेख भए बमोजिम व्यवस्थाको कार्यान्वयन गर्न,

४.२ बाल अधिकार महासन्धि तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि, दिगो विकास लक्ष्य लगायत नेपालले प्रतिबद्धता जनाएका अन्तर्राष्ट्रिय र क्षेत्रीय प्रतिबद्धताहरूको समय सापेक्ष कार्यान्वयन गर्न,

४.३ संघ, प्रदेश तथा स्थानीय सरकार र यसका सम्बद्ध निकाय, विकासका साझेदार, गैरसरकारी संस्था, नागरिक समाज, धर्मगुरु, बालक्लब, किशोरकिशोरी समूहलगायत सबै सरोकारवालाको पूर्ण एवं सक्रिय सहभागितामा एकीकृत प्रयास गर्न,

४.४ बालविवाहको जोखिम समूहमा रहेका बालबालिका, किशोरकिशोरी र तिनका परिवार तथा समुदाय लक्षित बालविवाह रोकथाम अभियान सञ्चालन गर्न,

४.५ बाल अधिकार संरक्षण प्रणालीलाई सुदृढ गरी बाल अधिकारको सुनिश्चितता गर्न ।

**५. सिद्धान्त**

**५.१ समानताको अधिकारः** बालबालिकालाई लिङ्ग, धर्म, उमेर, जातीयता, सामाजिक तथा आर्थिक स्तर, क्षमता, वर्ण, वैवाहिक स्थिति र संस्कृति, शारीरिक अवस्था, यौनिक अभिमुखीकरण वा कुनै पनि आधारमा भेदभाव नहुने गरी समान अधिकार हुने ।

**५.२ बालबालिकाको सर्वोत्तम हितः** बालबालिकासँग सम्बन्धित विषय वा बालबालिकालाई प्रभाव पार्ने कुनैपनि निर्णय गर्दा परिवार, समुदाय वा राज्यका तीनै तहका सरकारले बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्ने ।

**५.३ बाल बचाउ र विकासः** प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरणमा उच्चतम स्तरको जीवनयापनको अधिकार सुनिश्चित गर्ने ।

**५.४ संरक्षणः** बालविवाह, बेचबिखन तथा ओसारपसार, बाँधा बनाउने लगायत सबै प्रकारका दुर्व्यवहार, भेदभाव, शोषण, यातना, हिंसा, परम्परागत हानिकारक अभ्यासहरू र बेवास्ताबाट प्रत्येक बालबालिकालाई संरक्षित गर्ने ।

**५.५ अर्थपूर्ण सहभागिताः** परिवार, विद्यालय, समाज र राज्य संयन्त्रले बालबालिकासँग सरोकारका सबै विषयमा उमेर र परिपक्वता अनुरुप निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,

**५.६ राज्यको दायित्वः** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिम बाल अधिकार संरक्षण तथा न्यायमा पहुँचको लागि राज्यको क्रियाशीलता र जवाफदेहिता बढाउने ।

**५.७ विभेदरहितः** सबै बालबालिकाले समान रूपमा अधिकारको प्रयोग गर्न पाउने सुनिश्चितता हुने र उनीहरूमाथि कुनै पनि समय वा अवस्थामा विभेदजन्य व्यवहार नगरिने ।

**६. दीर्घकालीन सोच**

बालबालिकाको अधिकार सुनिश्चित गर्दै बालविवाह मुक्त समाज निर्माण गर्ने ।

**७. लक्ष्य**

नेपालमा सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने ।

**८. उद्देश्य**

८.१ बालविवाह अन्त्य गर्न कानुनको प्रभावकारी कार्यान्वियन र संस्थागत संरचना सुदृढीकरण गर्ने,

८.२ संघ, प्रदेश र स्थानीय तहले बालविवाह अन्त्यका लागि प्राथमिकताका साथ लगानी सहितका कार्यक्रम सञ्चालन गर्ने,

८.३ सबै सरोकारवालाको सामुहिक प्रयासबाट बालविवाह अन्त्य गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

**९. रणनीति**

**९.१ बालविवाह अन्त्य गर्न कानूनको प्रभावकारी कार्यान्वयन र संस्थागत संरचना सुदृढीकरण गर्ने,**

९.१.१ प्रदेश र स्थानीय तहले बालविवाह अन्त्यको लागि परिवेश अनुसारको आवश्यकता बमोजिम मापदण्ड र कार्ययोजना बनाई लागू गर्ने,

९.१.२ प्रदेश बाल अधिकार समिति, स्थानीय बाल अधिकार समिति, नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, बाल कल्याण अधिकारी, स्थानीय तहमा सूचीकृत समाजसेवी तथा बालमनोविज्ञको क्षमता अभिवृद्धि गर्ने,

९.१.३ विद्यालयमा बाल संरक्षण मापदण्ड निर्माण गरी बालविवाहको जोखिम तथा हिंसामा परेका बालबालिकालाई मनोसामाजिक विमर्श सेवा प्रवाह गर्ने,

९.१.४ बालविवाहको जोखिममा रहेका तथा प्रभावित बालबालिकाको घटना व्यवस्थापनको प्रक्रिया अनुरुप योजना बनाइ कार्यान्वयन गर्ने,

९.१.५ स्थानीय तहमा बालविवाह लगायत बालबालिका सम्बन्धी अन्य खण्डीकृत सूचना व्यवस्थापनका लागि बाल संरक्षण सूचना व्यवस्थापन प्रणालीको स्थापना र सुदृढीकरण गर्ने,

९.१.६ बाल हेल्पलाइन सेवा १०९८, बालबालिका खोजतलास सेवा १०४, राष्ट्रिय महिला आयोगको हेल्पलाइन ११४५को प्रभावकारिता अभिवृद्धि र पहुँच विस्तार गर्ने,

९.१.७ विद्यालयमा बालिकामैत्री र गुणस्तरीय शिक्षा, लैङ्गिक संवेदनशील, पक्षपातरहित, बृहत् यौनिकता शिक्षा सुनिश्चित गर्ने,

९.१.८ विद्यालयमा बालमैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीलाई अवधारणागत स्पष्टताका साथ क्षमता अभिवृद्धि गर्ने,

९.१.९ सेवा प्रदायकको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्कालै र गुणस्तरीय सेवाप्रवाहका लागि समन्वय र प्रेषण प्रणालीको विकास गर्ने,

९.१.१० बालविवाह सम्बन्धी कानुन कार्यान्वयन गर्ने स्थानीय अधिकारी, न्यायिक र अर्धन्यायिक निकाय लगायत अन्य सरोकारवाला निकायको क्षमता अभिवृद्धि गर्ने,

९.१.११ बालविवाहसँग सम्बन्धित कसूरमा सूचना प्राप्त भएपश्चात प्रहरी लगायत अन्य पक्षबाट कानूनी दायरामा ल्याउने अभ्यासलाई प्रोत्साहित गर्ने ।

**९.२ संघ, प्रदेश र स्थानीय तहले बालविवाह अन्त्यका लागि प्राथमिकताका साथ लगानी सहितका कार्यक्रम सञ्चालन गर्ने**

९.२.१ महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद् लगायत संघीय निकायबाट बालविवाह अन्त्यका लागि गरिएका लगानी, प्रक्रिया र नतिजाको आवधिक अनुगमन र प्रभावसहितको मूल्याङ्कन गरी प्रगति, तथ्याङ्क एवम् प्रतिवेदन सार्वजनिक गर्ने,

९.२.२ प्रदेशमा रहेको बालबालिकाको विषयगत मन्त्रालय एवं प्रदेश बाल अधिकार समितिले बालविवाह सम्बन्धी लगानी, प्रक्रिया, प्रतिफल र उपलब्धिको आवधिक अनुगमन गर्ने साथै, प्रदेश स्तरको वार्षिक प्रतिवेदन तयार गर्ने, बालविवाह मुक्त स्थानीय तह घोषणा गर्न सहयोग र प्रोत्साहन गर्ने,

९.२.३ स्थानीय तहले बालविवाह अन्त्यका लागि आवश्यक नीति, कार्यक्रम, बजेटको व्यवस्था गरी आवश्यकता अनुसारका कार्यक्रम सञ्चालन गर्ने,

९.२.४ स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्दा स्थानीय तह, स्थानीय स्तरमा कार्यरत संघ-संस्था, सरोकारवाला लगायतका निकायको सहयोग र सहभागितामा गर्ने,

९.२.५ राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, थारु आयोग, मधेशी आयोग, मुस्लिम आयोगले बालविवाह अन्त्यका लागि अनुगमन एवम् प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्ने,

**९.३ सबै सरोकारवालाको समुहिक प्रयासबाट बालविवाह अन्त्य गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।**

९.३.१ विवाहको कानुनी उमेरको उल्लंघन गरेमा हुने दण्ड र सजायको व्यवस्थाबारे प्रचारप्रसार गर्ने,

९.३.२ अभिभावक समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह, किशोर समूह, युवाक्लब, सामाजिक अगुवा, धार्मिक/सांस्कृतिक, राजनीतिक दल तथा भातृसङ्गठन लगायतका व्यक्ति तथा समूहको साझेदारी र सहभागितामा बालबालिकामाथि हुने सबै प्रकारका हिंसा तथा भेदभाव विरुद्धको अभियान सञ्चालन गर्ने,

९.३.३ बालबालिका तथा किशोरकिशोरीलाई शिक्षा, आर्थिक आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर र स्वःनिर्णयको आधारमा विवाह गर्न अभिप्रेरित गर्ने,

९.३.४ असल अभिभावकत्व सम्बन्धी ज्ञान, सीप, व्यवहार र सोचको विकासका लागि परिवार तथा समुदायमा सर्वपक्षीय संवादको माध्यमबाट बालविवाह निषेध गर्न प्रोत्साहन गर्ने,

९.३.५ बालविवाह अन्त्य गर्ने अभियानमा धार्मिक संस्था, धर्मगुरुहरू, ज्योतिष र सामाजिक अगुवाहरू तथा समुदायका पुरुषको सक्रिय सहभागितालाई प्रोत्साहन गर्ने,

९.३.६ बालविवाहको असर सम्बन्धमा किशोरकिशोरी केन्द्रित कार्यक्रम सञ्चालन गर्ने,

९.३.७ बालविवाहका कारण विद्यालय छोड्ने दरलाई कम गर्ने गरी विद्यालय स्तरमा कार्यक्रम सञ्चालन गर्ने ।

९.३.८ बालबालिकालाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सूचना तथा सेवाको विषयमा सुसूचित गर्न/गराउन गाउँ/नगरपालिका, स्थानीय स्वास्थ्य संस्थासँग समन्वय र सहकार्य गर्ने,

९.३.९ बालविवाह अन्त्यको लागि बालबालिका, किशोरकिशोरी, परिवार, शिक्षक, अभिभावकको सहभागिता बढाउन सरकारी, गैरसरकारी, धर्मगुरु र निजी क्षेत्रसँग समन्वय र साझेदारी गर्ने ।

## १०. रणनीति कार्यान्वयन संरचना

### १०.१ राष्ट्रिय समन्वय समिति

| | |
|---|---|
| संयोजकः | सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| सदस्यः | सह-सचिव, गृह मन्त्रालय |
| सदस्यः | सह-सचिव, अर्थ मन्त्रालय |
| सदस्यः | सह-सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| सदस्यः | सह-सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| सदस्यः | सह-सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| सदस्यः | उपाध्यक्ष, राष्ट्रिय बाल अधिकार परिषद् |
| सदस्य-सचिवः | महाशाखा प्रमुख, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |

### १०.१.१ राष्ट्रिय समन्वय समितिको काम कर्तव्य र अधिकार

- अन्तर मन्त्रालय समन्वय गरी नीति, योजना तथा कार्यक्रममा बालविवाह न्यूनीकरणका कार्यक्रम समावेश गर्न समन्वय गर्ने,
- प्रदेश तथा स्थानीय समन्वय समितिबाट नियमित रूपमा प्रतिवेदन प्राप्त गर्ने र बालविवाह सम्बन्धी राष्ट्रिय प्रतिवेदन प्रकाशन गर्ने,
- समितिको बैठक कम्तीमा वर्षमा ४ पटक र आवश्यकता अनुसार बस्न सक्नेछ समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञ तथा संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा बोलाउन सकिनेछ ।
- बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## १०.२ कार्यान्वयन समिति

### १०.२.१ संघीयस्तरको कार्यान्वयन समिति

| | |
|---|---|
| १. महाशाखा प्रमुख महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संयोजक |
| २. सदस्य-सचिव, राष्ट्रिय बाल अधिकार परिषद् | सदस्य |
| ३. उप-सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ४. उप-सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| ५. उप-सचिव, गृह मन्त्रालय | सदस्य |
| ६. उप-सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| ७. उप-सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| ८. उप-सचिव, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| ९. प्रहरी नायब उपरीक्षक स्तरको प्रतिनिधि, प्रहरी प्रधान कार्यालय | सदस्य |
| १०. मन्त्रालयले तोकेको नागरिक समाजको कम्तिमा एकजना महिलासहित दुईजना प्रतिनिधि | सदस्य |
| १३. बाल संरक्षण विकास शाखा प्रमुख, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सदस्य-सचिव |

### १०.२.२ संघीयस्तरको कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार

- कार्ययोजना तयार गर्ने,
- रणनीति तथा कार्ययोजनामा रहेका बालविवाह विरुद्धका कार्यक्रमहरूलाई संघीय, प्रादेशिक र स्थानीय तहको वार्षिक कार्यक्रममा अनिवार्य रूपमा समावेश गरी कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने,
- समितिको बैठक कम्तीमा वर्षमा ६ पटक र आवश्यकता अनुसार बस्न सक्नेछ।
- समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विज्ञ तथा संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा बोलाउन सकिनेछ ।
- बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## १०.३ प्रदेश कार्यान्वयन समिति

प्रदेश तहमा बालविवाह अन्त्यका लागि प्रदेश बाल अधिकार समितिले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ तर आवश्यकता भएमा बालविवाह अन्त्यका लागि छुटै समिति समेत गठन गर्न सक्नेछ ।

## १०.४ स्थानीय कार्यान्वयन समिति

स्थानीय तहमा बालविवाह अन्त्यका लागि स्थानीय बाल अधिकार समितिले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ तर आवश्यकता भएमा बालविवाह अन्त्यका लागि छुटै समिति समेत गठन गर्न सक्नेछ ।

**११. वित्तीय स्रोत**

यस रणनीतिको कार्यान्वयनका लागि तिनै तहका सरकारले वार्षिक कार्यक्रममा स्रोत विनियोजन गर्नुपर्ने छ। स्थानीय तहमा बालविवाह अन्त्यसम्बन्धी क्रियाकलाप सञ्चालनका लागि संघ र प्रदेशबाट स्थानीय तहलाई वित्तीय स्रोत उपलब्ध गराउन सकिने छ । यस रणनीतिको कार्यान्वयनार्थ संघ, प्रदेश र स्थानीय सरकारले संयुक्त राष्ट्र संघीय निकाय, राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्था लगायतसँगको बहुक्षेत्रीय समन्वय, सहकार्य र साझेदारी मार्फत वित्तीय स्रोत जुटाउन सकिनेछ ।

**१२. अनुगमन तथा मूल्याङ्कन**

यस कार्यमा संलग्न सरोकारवाला निकायले आ-आफ्नो तहबाट संयुक्त वा एकल रूपमा नियमित अनुगमन र यस रणनीति कार्यान्वयनको आवधिक मूल्याङ्कन गरिने छ ।

**१३. जोखिम विश्लेषण**

- बालविवाह न्यूनीकरणमा सरकारका लगानी प्रथमिकीकरणका साथ सुनिश्चित नहुन सक्ने,
- समाजमा विद्यमान रूपमा रहेका बालविवाह सम्बन्धी सहस्वीकार्यता नहुन सक्ने ।

**१४. विविध**

रणनीति कार्यान्वयनका लागि समयबद्ध लागत अनुमान सहितको विस्तृत कार्ययोजना तर्जुमा गरी लागू गरिने छ । यस रणनीतिले बालविवाह विरुद्धको रणनीति, २०७२ लाई प्रतिस्थापन गर्नेछ ।